महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

त्रिपुरासुन्दरी नगरपालिका

डोल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

त्रिपुरासुन्दरी नगरपालिका
डोल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

त्रिपुरासुन्दरी नगरपालिका

डोल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १११ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
त्रिपुरासुन्दरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
डोल्पा ।

कैफियत सहितको राय

हामीले त्रिपुरासुन्दरी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७७/०७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड ८७ लाख ८१ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ करोड ७ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ५४ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु.२५ लाख ४५ हजार र पेश्की रहेको छैन ।पालिकाको गतवर्ष सम्म रु.१२ करोड २७ लाख २ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१५ करोड १४ लाख ८३ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( )

नायब महालेखापरीक्षक

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

१. चालु वर्षको बेरुजु २०७७।७८

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
६६	६५	२८७८१	०	०	०	६६	६५	२८७८१	१०७४१	२५४५	१५४९४	०	०	२८७८१	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
		पेश नभएको	

२. अद्यावधिक बेरुजू स्थिति २०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
त्रिपुरासुन्दरी नगरपालिका डोल्पा	१२२७०२	०	०	१२२७०२	०	२८७८१	१५१४८३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा , त्रिपुरासुन्दरी नगरपालिका , डोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
लेखा प्रमुख	hiralala k.c	२०७८-८-२७	हाल सम्म कार्यरत
		बेरुजु रकम	२८,७८०,७८५.९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,९७,७२,५१७.८५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३४,३९,८७,७४१	**चालु खर्च**	२७,०२,१२,४७४.९७
प्रदेश सरकारबाट अनुदान	२,४६,५४,०००	**पूँजीगत खर्च**	१५,४३,५२,४२९.७५
राजश्व बाँडफाँट	४,८७,३१,६५२	**वित्तीय/अन्य व्यवस्था**	१०,६९,८६,१५०.६
आन्तरिक आय	२८,०५,८५५.२		
अन्य आय	१०,१०,२८,११३.९		
कुल आय	५२,१२,०७,३६२.१	**कुल खर्च**	५३,१५,५१,०५५.३२
बाँकी मौज्दात		१,९४,२८,८२४.६४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत ११ वडा, ५६ सभा सदस्य, ३९३.४५ वर्ग किलोमिटर क्षेत्रफल तथा ११,६९२ जना जनसंख्या रहेको छ। उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्वपत्र एवं अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । भौगोलिक विकटता, सिमित समय र कोभिड–१९ महामारीको कारण स्थलगत निरिक्षण गर्न सकिएन । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट् मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्र्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाइं प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ ।लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।६।६ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।	

२			**ले प क्रममा असुलीः** लेखापरीक्षणको क्रममा बैंक बाँकी सामाजिक सुरक्षा रकम रु १९६०० असुली भई दाखिला भएको छ ।	
३			**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।	

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		29772517.85	१	चालु खर्च	270212475	270212475
	क) धरौटि मौज्दात	1710200		२	पूँजीगत खर्च	154352429.8	154352429.8
				३	चालु खर्च - सुत्र बाहिरको खर्च_	2435968	2435968
	ख) बैंक	26261997.01		4	विषयगत खर्च		95607151
	ग) विपत्त	114400			क)	35164306	

	व्यवस्थापन खाता				मख्यमन्त्रि रोगजार		
	घ)कल्याण कोष	835795.2			ख) सामाजिक सुरक्षा	29469600	
	ङ) मर्मत सम्भार कोष	324207.64			ग) गरिवसगँ विश्श्रवर	1624177	
	च) प्रकोष व्यवस्थापन	525918			घ) उद्योग वन तथा पर्यटन	5355000	
२	राजस्व (आन्तरिक आय)		51888558.2		ङ)सामाजिक विकास मन्त्रालय	1700000	
	क) आन्तरिक राजस्व	2805855.2			च)स्थानिय पुर्वाधार विकास	13265865	
	ख) राजस्व बाँडफाँड	48731652			छ) स्थानिय तह प्रशासकिय भवन	2728203	

	ख) प्रदेश राजश्व	351051			ज) एकिकृत स्वास्थ्य पुर्वाधार	6300000	
	ग) अन्य कोष खाता	०		5	लगानी		
३	वित्तिय हस्तान्तरण संघ		343987741		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	87600000			शेयर लगानी		
	ख) सशर्त अनुदान	252128350			अन्य लगानी		
	ग) समपूरक अनुदान	4259391		6	धरौटी फिर्ता	2173940.57	2173940.57
	घ) विशेष अनुदान	0		7	मर्मत सम्भार कोष खर्च	1552243.64	1552243.64
४	प्रदेश सरकारबाट प्राप्त		24654000	8	कोष फिर्ता	6219702	6219702

	अनुदान						
				9	प्रकोष व्यवस्थापन खर्च	432862.8	432862.8
	क) वित्तिय समानीकरण अनुदान	10095000		10	मौज्दात		
	ख) सशर्त अनुदान	10000000			क) बैंक मौज्दात	15125955.95	15125955.95
	ग) समपुरक अनुदान	559000			ख) नगद मौज्दात		
	घ) विशेष अनुदान	4000000		11			
५	अन्तर स्थानीय तहबाट प्राप्त			१२	गत बर्षको बढी अल्या	0	0
६	विषयगत निकायबाट प्राप्त		95607151	१३	जनश्रमदान मौज्दात		

	क) मख्यमन्त्रि रोगजार	35164306		१४	धरौट मौज्दात	1940392.65	1940392.65
	ख) सामाजिक सुरक्षा	29469600					
	ग) गरिवसगँ विश्श्रवर	1624177		15	कल्याण कोषतर्फ बाट आय	1901270.2	1901270.2
	घ) उद्योग वन तथा पर्यटन	5355000		१६	विपत्त व्यवस्थापन खाता	93055.2	93055.2
	ङ)सामाजिक विकास मन्त्रालय	1700000		17	मर्मत सम्भार कोष	253750.64	253750.64
	च)स्थानिय पुर्वाधार विकास	13265865		१८	प्रकोष व्यवस्थापन	114400	114400
	छ) स्थानिय तह प्रशासकिय	2728203		19	कर दाखिला	-1435717.46	-1435717.46

	भवन						
	ज) एकिकृत स्वास्थ्य पुर्वाधार	6300000					
७	कल्याण कोषतर्फ बाट आय	1065475	1065475				
८	धरौटी आय	2522650.22	2522650.22				
९	मर्मत सभ्भार कोष तर्फ आय	1481786.64	1481786.64				
	जम्मा		550979879.9		जम्मा		550979879.9

४

वित्तिय विवरण:

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने

			गरी लेखांकन गर्नुपर्दछ ।	
५			**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ११३५६३८९।४२ बैक मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २६२६१९९७।०१ जिम्मेवारी सारेको देखियो । यस सम्बन्धमा यकिन गर्दा गत वर्षको भन्दा रु १४९०५६०७।६ बढी जिम्मेवारी सारेको रकम पालिकाले यकिन गर्नुपर्दछ ।	
६			**बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको मासिक बैंक हिसाब मिलान विवरण तयार गरेको पाइएन । असार मसान्तमा पालिकाको श्रेस्ता अनुसार बाँकी रु १३६९०२३८।४९ र बैंक स्टेटमेण्ट अनुसार बाँकी पनि रु १५१२५९५५।९५ रहेको छ ।पालिकाले मासिक रुपमा बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । यस सम्बन्धमा बैक वढी देखिएको रकम रु 1435717.46 कर दाखिला गर्न बाकी रहेकोले उक्त कर दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु	१,४३५,७१७
७			**शुत्रभन्दा वाहिर कारोबारः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले शुत्र बाहिर बाट रु 2435968.00 बजेट खर्च लेखेको छ । आगामी वर्षहरुमा पालिकाले पूर्ण रुपमा शुत्रको अवलम्बन गर्नुपर्दछ ।	
८			**कल्याण कोष** –	१,९०१,२७०

			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ८३५७९५ ट्रान्सफर गरेको छ । हालसम्म उक्त कोषमा रु १९०१२७० रकम जम्मा भइसकेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.	
९			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन, • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन, • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन, • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन, • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो, • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन, • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन, • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको	

			पाइएन, • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन, • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन, • सार्वजनिक खरिद नियमावलि २०६४नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन, • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन, • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन, • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन, • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन, • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन, • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन, • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छैन, • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन, तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

१०			**सूचना प्रविधी पद्दतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा निम्नानुसार देखिएकोः :- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको :- सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको :- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको	
११			**मर्मत अभिलेख खाता :** सवारी साधन मर्मत गरेपछि फेरिएका सामान सहितको कूल खर्च देखिने गरी तोकिएको म ले प फाराम अनुसारको गत विगतदेखिको मर्मत खर्च देखिने गरी सवारी साधन मर्मत खाता अद्यावधिक गरी आन्तरिक नियन्त्रण चुस्त दुरुस्त हुनु पर्ने देखियो ।	
१२			**भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् . • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,	

			• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको, • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको, • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको, त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
१३			**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री चन्द्रा कुमारी बुढा मिति २०७७।०३।१० गते रु ४९ करोड ९८ लाख ८९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।३० मै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०५।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
१४			**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु १ करोड ३० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट चालुतर्फ विभिन्न शीर्षकमा रु.२० लाख ४२ हजार ३९० र पुजीगततर्फ विभिन्न शीर्षकमा रु. २१ लाख ३७ हजार ३९० बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	

१५			**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
१६			**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
१७			**गत बर्षको दायित्व -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र	

भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७६।७७ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. १७१०८४१५/- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी यो बर्ष (२०७७।७८) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखियो ।तर गत विगत वर्षको जिम्मेवारी रु २९७७२५१७।८५ सारेवाट वजेट नपुग भएको देखिएन । सम्झौता बमोजिम समयमा काम नभएको यो योजनाको लागि यस प्रकारको व्यवस्था गरेको होइन भनी आश्वस्त हुन सकिएन ।अतः बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

१८

क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	५६९१९६८५	४०४७९१०४	१३.१९
२	पूर्वाधार विकास	६२४४२८१०	४०५७३४३९.७५	१३.२२
३	सामाजिक विकास	२१७८१९४५०.०१	२१५२४५७४०.४७	७०.१७
४	बातावरण तथा विकास	३३०००००	३२९४६४४	१.०७
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	७३०६०००	७०३१३४४	२.२९

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१५३७८७१२२</td><td>१२०१९३.०२४</td><td>०.०३९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५०१५७५०६७</td><td>३०६७४४४६५</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ७०.१७प्रतिशत र अन्य कार्यालय संचालन तथा प्रशासनिकमा सबै भन्दा घटीमा ०.०३९ प्रतिशत रहेको छ ।
</td>
<td></td>
</tr>
<tr>
<td>१९</td>
<td></td>
<td></td>
<td>
स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>२०</td>
<td></td>
<td></td>
<td>
चौमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
</td>
<td></td>
</tr>
</table>

	प्रतिशत	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालु खर्चतर्फ	२९८६३६.२५	६४८१४.४०	७२७८२.२०	१३११७२,६३७	७०८९५.९२९
२	पूँजिगत खर्चतर्फ	१८५६३८.८१५	९४८९.६५१	१०१८५.३००	१३१३७७.४२१	१०१९१३.७०७
३	जम्मा	४८४२७५०६७।०१	७४३०४.०५२	८२९६७.५१	२६२५५००५८।६९	१७२८०९६३.६३

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू. ४८४२७५०६७।०१ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७४३०४.०५२ अर्थात १५.३४ प्रतिशत, दोश्रो चौमासिकमा रु. ८२९६७.५१ अर्थात १७ .१३ प्रतिशत र तेश्रो चौमासिकमा रु. २६२५५००५८।६९ , अर्थात ५४.२१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु १७२८०९.६३अर्थात ६.५८ प्रतिशत खर्च देखिएको छ । नियमावलीमा भएको व्यवस्था अनुसार स्वीकृत कार्यक्रम बमोजिम त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

२१ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म निर्माण गरेका कानूनको अद्यावधिक विवरण नराखेको कारण संख्या यकिन गर्न सकिएन। पालिकाले कानून निर्माण गरेर काम गर्नुपर्दछ ।

२२ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन

			सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७६ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म ४७ मात्र पदपूर्ति भएको पाइयो। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले कूल कर्मचार दरबन्दी सिर्जना गरी उक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
२३			**कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ११६ जना कर्मचारीहरु करारमा राखि रु. ३४५७४३९८ खर्च लेखेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु उचित देखिएन । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति हुने कार्य हुनुपर्दछ ।	
२४			**योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७।७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । रु १ लाख | रु १ लाख | रु २ लाखदेखि | रु ५लाख देखि | रु १०-50 लाख | 50 लाख | जम्मा	

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सम्म</td><td>देखि २ लाखसम्म</td><td>५ लाखसम्मका</td><td>१० लाखसम्मका</td><td>सम्म</td><td>भन्दा बढी</td><td></td></tr>
<tr><td>०</td><td>९</td><td>३३</td><td>३६</td><td>३७</td><td>१०</td><td>१३४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि २ करोड ८० लाख सम्मका जम्मा २१० वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र १८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>सवारीसाधन खरिद –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष १ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ३५०००० बजेटबाट खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>गुणस्तर परीक्षण -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>डी पी आर खर्च –</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।यस्तो
अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>नगर रंगशादा</td><td>एस्ट्रोट इन्जिनियरिङ कन्सल्ट विल्डर्स एण्ड सप्लायर्स प्रा.लि.</td><td>१००००००</td><td>९९८०००</td><td>५३५३७६८७९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>सार्वजनिक परीक्षण -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना :</td><td></td></tr>
</table>

			सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५४३५२४२९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
३०			**स्थानीय तहका पदाधिकारी सुविधा :** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ ।पालिकाबाट पदाधिकारी सुविधामा यस वर्ष रु. १२९०३५०० भुक्तानी भएको छ ।	
३१			**खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १५१४८१० खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।	
३२			**अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम असोजमा फिर्ता गरेको छ । पालिकाले आगामी दिनमा फिर्ता गर्न बाकी रकम समयमै फिर्ता गर्नुपर्दछ ।	

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	72210401.00	46347577.90	0	25862823.10
	विषेश	17387317.00	17387317.00	0	0
	समपुरक	4700000.00	1800000.00	0	2900000.00
प्रदेश सरकार	शसर्त	6845597.00	6845597.00	0	0
	विषेश	3483141.00	3322067.00	0	161074.00
	समपुरक	8293344.00	7384604.00	0	९०८७४०.00
	अन्य				

३३

आयको अनुमानः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले निम्न अनुसारका आम्दानिका श्रोतहरुमा अनुमान र असुली गरेको छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	३१००००	६१९५०३.६७	२००%

घरजग्गा वहाल कर	३४००००	१४२०६०	४१.७८%
व्यवसाय कर	५०५७००	९००००	१७.७९%

आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने र राजश्वको अनुमान गर्दा यथार्थता तर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

३४

आन्तरिक आयः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३७४२६०७०९।७४	२९४४१५५।२०	०.७८%

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.७८% प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३५

राजश्व दाखिला :

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ (१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित

			कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत ११ वटा वडा पालिकाबाट प्राप्त गरेको रु. २८०५८५५.२० राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
३६			**व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ९०००० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको पाइएन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
३७			**राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व कार्यालयले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी	

<table>
<tr><td></td><td></td><td></td><td>गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले व्यवस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>वडा सचिवः

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त संख्या</td></tr>
<tr><td>११</td><td>११</td><td>२</td><td>९</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>खर्च बिश्लेषणः

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. २८०५८५५.२० राजस्व बाँडफाँडबाट रु ४८७३१६५२ र अनुदानबाट रु ३६८६४१७४१ समेत रु ५५०९७९८७९.९१ आम्दानी भएकोमा चालु तर्फ रु. २७०२१२४७.९७ र पूँजिगत तर्फ रु. १५४३५२४२९.७५ गरी रु ४२४५६४९०४.६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १२९०३५०० खर्च भएको छ जुन आन्तरिक आयको ४६०.२० प्रतिशत खर्च रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट प्रतिशत चालु ४९.०४ र २८.०१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति :</td><td></td></tr>
</table>

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
स्वीकृत घरनक्सा दर्ता पास	०	०
पञ्जिकरणतर्फ		
जन्मदर्ता	**६७९**	**६७९**
मृत्युदर्ता	**७५**	**७५**
बसाईसराई दर्ता	५	५
विवाह दर्ता	**१४९**	१४९
सम्वन्ध विच्छेद	२	२
पूर्वाधार विकास सडक निर्माण	०	०
कालोपत्रे सडक निर्माण	०	०
कालोपत्रे सडक मर्मत	०	०

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td><td>०</td></tr>
</table>

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।
</td>
<td></td>
</tr>
<tr>
<td>४१</td>
<td></td>
<td></td>
<td>
लक्ष्य प्रगति :

कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><td rowspan="2">कार्यक्रम/योजना संख्या</td><td rowspan="2">यो बर्ष खर्च</td><td colspan="4">वार्षिक प्रगति स्थिती</td></tr>
<tr><td>शून्य प्रगती</td><td>२५%सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td></tr>
<tr><td>१३४</td><td>१७९३७७०००</td><td>४</td><td>४</td><td>३</td><td>१२३</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४२</td>
<td></td>
<td></td>
<td>
अधुरा आयोजना –

आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. ८६९८५७९ का ३ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।
</td>
<td></td>
</tr>
</table>

क्र.सं.	निर्माण कार्य	निर्माण व्यवसायी	संझौता मिति	सम्पन्न गर्नुपर्ने मिति	यो वर्ष सम्मको खर्च	भौतिक प्रगति
१	नगर अस्पताल	बुद्ध रिगल	२०७८।०२।२४	२०८०।०८।२४	६०००००	०%
२	नगर सभा भवन	तामाकोशी/ जनमुखीजेभि	२०७७।११।०५	२०७८।०१।०५	४८८००००	१५%
३	प्रशासकिय भवन	कुशेश्वर/जिनिवजेभि	२०७७।१२।१२	२०७८।०५।१२	३२१८५७९	३६%

४३

आन्तरिक लेखापरीक्षण शाखा :

प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

४४

पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च –

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ७६३८०० भुक्तानी दिएको पाईयो ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मष्टा आधारभुत विद्यालय</td><td>निजि शिक्षकको तलव</td><td>२६६०००</td></tr>
<tr><td>२</td><td>मष्टा आधारभुत विद्यालय</td><td>निजि शिक्षकको तलव</td><td>२१२८००</td></tr>
<tr><td>३</td><td>त्रिपुरा मा वि</td><td>निजि शिक्षकको तलव</td><td>२८५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७६३८००</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति -

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३० वटा सामुदायिक विद्यालयहरुमा १६४ जना शिक्षकको दरबन्दी भएकोमा ८६ जना नै पदपूर्ति रहेको छ भने पदपूर्ति मध्ये ४३ जना करार बाट पदपूर्ति गरेको पाइयो। उक्त विद्यालयहरुमा विद्यार्थीको संख्या ४१०५ जना रहेको देखिन्छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ३९३७८५० तलब भत्ता भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्चः

कुनै पनि कार्यक्रममा विनियोजन गरेको रकम उक्त शिर्षकमै खर्च गर्नुपर्ने र यदि रकमान्तर गर्नु पर्ने भएमा सो को सम्पूर्ण प्रक्रिया पुर्‍याएर मात्र खर्च गर्न पाउने व्यवस्था छ । तर नगरपालिकाले रकमान्तर नगरी सशर्तका कार्यक्रम अन्तर्गत दिवा खाजाको रकम रु १४९१०० बाट शिक्षकको पारिश्रमिक भुक्तानी र शिक्षा चालुको ६ वटा इन्टरनेट जडान शिर्षकबाट रु ५८४३४९ कोभिडको खर्च भुक्तनी गरी रु २०७५३४९ शिर्षक फरक पारी खर्च गरेको नियम सम्मत नदेखिएको रु</td><td>२,०७५,३४९</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिकाभित्रका विद्यालयबाट छनोट गरी विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला वापत रु ६५०००० अनुदान दिनुपर्ने व्यवस्था छ ।उक्त अनुदानवापत विद्यालयले कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td>सि न</td><td>गो भौ र मिति</td><td>विद्यालयको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१</td><td>२३५।२०७८।३।३१</td><td>सरस्वती मा वि</td><td>राष्ट्रपति शैक्षिक सुधार</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>२३५।२०७८।३।३१</td><td>प्रकाश आ वि</td><td>राष्ट्रपति शैक्षिक सुधार</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>२३५।२०७८।३।३१</td><td>त्रिपूरा मा वि</td><td>राष्ट्रपति</td><td>६५००००</td></tr>
</table></td><td>३,९००,०००</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td></td><td>शैक्षिक सुधार</td><td></td></tr>
<tr><td>४</td><td>२५५।२०७८।३।३१</td><td>त्रिपूराकोट मा वि</td><td>पुस्तकालय</td><td>६५००००</td></tr>
<tr><td>५</td><td>२५५।२०७८।३।३१</td><td>जनप्रभा मा वि</td><td>ICT</td><td>६५००००</td></tr>
<tr><td>६</td><td>२५५।२०७८।३।३१</td><td>मुटुटेश्वर मा वि</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३९००००००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४९</td>
<td></td>
<td></td>
<td>
दोहोरो निकाशाः

पालिकाले निम्न विद्यालयहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम वापत रकम निकाशा दिदाँ सशर्त चालुको २३५।२०७८।३।३१ बाट र पूँजीगतको १२९।२०७८।३।३१ बाट दोहोरो पर्ने गरी निकाशा दिएकोले उक्त विद्यालयहरुले निकाशा रकम फिर्ता गर्नुपर्ने रु
<table>
<tr><td>क्र स</td><td>विद्यालयको नाम</td><td>कार्यक्रम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>सरस्वती मा वि</td><td>राष्ट्रपति शैक्षिक सुधार पुस्तकालय निर्माण</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>प्रकाश आ वि</td><td>राष्ट्रपति शैक्षिक सुधार पुस्तकालय निर्माण</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>त्रिपूरा मा वि</td><td>राष्ट्रपति शैक्षिक सुधार ICT निर्माण</td><td>६५००००</td></tr>
</table>
</td>
<td>१,९५०,०००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>१९५००००</td></tr></table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>अनुपातिक कट्टीः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निमार्ण व्यावसायी वा सब-कन्ट्रयाक्ट्र बाट गराउन सकिने छैन भन्ने उल्लेख छ ।१०६।२०७८।३।३० बाट पोषण सुधारका लागि विद्यालय खानेपानी निर्माण वापत मुकुटेश्वर मा वि लाई कूल कार्यसम्पन्नको रकम रु ८५०८८२ रकम भुक्तानी गर्दा जनश्रमदानको अशं कट्टा गरी रु ७००००० भुक्तानी दिनुपर्नेमा ७६०००० भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम रु ६०००० उपभोक्ताको अंश रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>६०,०००</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>शशर्त शिक्षा बजेटको मर्मत सम्भार कट्टा :

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को खण्ड १(३) को (प) मा विद्यालय भौतिक सुधार कार्यक्रमको बजेटमा मर्मत सम्भार कट्टा गर्न नपाइने उल्लेख छ ।पालिकाले १३९।२०७८।३।३१ बाट श्री मुकुटेश्वर मा वि लाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम वापत रकम भुक्तानी गर्दा रु ४५००० मर्मत सम्भार कोष कट्टा गरेको छ । शशर्त पुजिगतको बजेटबाट विद्यालय भौतिक सुधारको रकम निकासा तथा भुक्तानी दिदा मर्मत सम्भार कट्टा गरेर भुक्तानी दिएकोले नियम विपरित कट्टा गरेको मर्मत सम्भार नियमसम्मत नदेखिएको रु</td><td>४५,०००</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>जलवायु परिवर्तन कार्यक्रम (LAPA) को आम्दानी खर्चः

<table>
<tr><td>सिन</td><td>योजनाको नाम</td><td>अनुदान रकम</td><td>पालिकाको अशं</td><td>कार्य सम्पन्न प्रतिवेदन अनुसार कूल काम</td></tr>
<tr><td>१</td><td>गल्ली सिचाई</td><td>१४०००००</td><td>२०००००</td><td>१८०९९७४</td></tr>
</table></td><td></td></tr>
</table>

				योजना				
			२	खानी खोला जलविद्युत योजना	१९००००००	४००००००	२४८८८४७	
			३	घट्टेखोला देखि उद्यम हुदै तटबन्धन निर्माण	४२००००००	५००००००	५२२३०३०	
			४	ल्हाँ सिचाई आयोजना	१४००००००	५५००००	२१७०८०८	
			५	मुकुटेश्वर मा वि	१००००००	५००००००		
			६	शिवक्यून वृक्षरोपण तथा सिचाई आयोजना	३३००००००	५००००००	४२९९६९६	
			७	खालिछहरा लघुजलविद्युत मर्मत	२६५०००००	१०००००००	१६३८४१९	
			८	सरस्वती मा वि पहिरो नियन्त्रण खेल मैदान मर्मत	२१००००००	५००००००	२९५६४९७	
			जम्मा		१७०५०००००	४१५०००००	२०५८७२७१	

<table>
<tr><td>५३</td><td></td><td></td><td>ल्याव टेष्ट नगरेको :

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा स्पेसिफिकेसन तथा तोकिएको गुणस्तर बमोजिम भए नभएको निरीक्षण परीक्षण गरी आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । पालिकामा सञ्चालित जलवायु परिवर्तन कार्यक्रम (LAPA) अन्तर्गत घट्टेखोला देखि उद्यम हुदै तटबन्धन निर्माण योजनाको लागि उपभोक्ता समितिले स्टार ट्रेडर्स बाट रु १४७९९८९ GI wire उच्च गुणस्तर अर्थात Heavy coated तार जाली खरिद गरेकोमा उक्त तारजाली सो गुणस्तरको भएको ल्याव टेष्ट गरेको छैन । अत: ल्याव टेष्टको प्रमाण पेश हुनु पर्ने रु</td><td>१,४७९,९८९</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>विल भर्पाई नभएकोः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । १००।२०७८।३।२८ बाट रण वहादुर वुढालाई गाडि भाडा वापत कर कट्टी सहित रु ५७५२५ वजेट खर्च लेखेकोमा सो लाई पुष्टि गर्ने कागजात नभएकोले प्रमाण पेश गर्नुपर्ने रु</td><td>५७,५२५</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>वढी भुक्तानीः

सशर्त पूँजीगतको २।२०७७।७।५ बाट तल्लो चिन्डे वगर झो पु निर्माण वापत उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदनमा निम्न कार्य वापत भुक्तानी दिदाँ नापी किताबमा भन्दा कार्यसम्पन्न प्रतिवेदनमा वढी काम देखाइ वढी रकम भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु

<table>
<tr><td>क्र स</td><td>कार्य विवरण</td><td>कार्य सम्पन्न प्रतिवेदन अनुसार</td><td>नापी किताब अनुसार</td><td>वढी भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>Road transportation Nep to</td><td>(१२८२.६२*७३.४५= ९४२०८.४४)</td><td>(१२०८.७०*७३.४५= ८८७७९.०१)</td><td>५४२९.४२</td></tr>
</table></td><td>७,८४६</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>Tripurakot CBT cables, Bulldog gripes thimbles</td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>Transportation from road head to site by labour</td><td>(१२८२.६२*३२.७३= ४१९७६.६५)</td><td>(१२०८.७०*३२.७३= ३९५६०.७५१)</td><td>२४१५.८९</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७८४५.३१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>मोवाइल फोन खरिदः

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।सशर्त चालुको २१५।२०७८।३।२९ बाट पालिकाले पाथिभरा टेड्रिङ्ग हव काठमाडौंबाट रु १०००05 रकमको मोवाइल खरिद गरेको छ । यसरी सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त नहुने गरी र मितव्ययीता कायम नगरी व्याक्तिगत लाभका आधारमा उक्त मोवाइल फोन खरिद गर्ने सम्बन्धितलाई जिम्मेवार वनाईनुपर्ने रु</td><td>१००,००५</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर कट्टी –

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले सेन्चुरी कम्प्यूटर सप्लायर्स (६०३३६६५३६) लाई रु ११५३९०० भुक्तानी गर्दा मुअकर रकम रु १३२७४९ को नियमानुसार ५० प्रतिशत रकम रु. ६६३७४ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>६६,३७४</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख :</td><td></td></tr>
</table>

			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ ।पालिकाले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा नराखेको कट्टी र खर्च यकिन गर्न सकिएन ।	
५९			**खरिद कारवाही अभिलेख:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२)बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ।अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।	
६०			**परामर्श सेवा** – सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले झोल मल उत्पादन कार्यका लागि परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै	

			खरिद गरी रु. १६ लाख खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।	
६१			**डोजर मर्मत तथा आम्दानी :** पालिकामा रहेको डोजरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु. ५७०००० खर्च गरेकोमा उक्त डोजर भाडामा लगाएबापत कार्यालयले कुनै पनि आम्दानी गरेको छैन भने पालिकाद्वारा संचालित योजनामा समेत यसको खासै प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।	
६२			**विज्ञापन खर्च भुक्तानीमा छुट नलिएको:** आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।यस कार्यालयबाट युग आवहान दैनिक सुर्खेत लाई विज्ञापन छपाई वापत रु ५१८५५८ (मु.अ.कर समेत) रकम भुक्तानी दिदाँ १५ प्रतिशत छुट लिनुपर्ने रकम रु ६८८३५ नदिएको हुदाँ उक्त छुट असुल गर्नुपर्ने रु	६६,८३५
६३			**तलबि प्रतिवेदनः** निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीयतहमा समायोजन भै आएका तथा नयाँ नियुक्त भएका स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित गर्ने सम्बन्धी छुट्टै कानुन नवनेको अवस्थामा पालिकाले कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु. ९२,९३,३६२।०० तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्न सम्बन्धित पक्षले ध्यान दिनुपर्छ ।	
६४			**बढी भुक्तानीः**	१५५,७७३

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ । पालिकाले देहायको भुक्तानीमा कार्यसम्पादन प्रतिवेदन भन्दा बढी रकम भुक्तानी भएकोले बढी रकम असुल गर्नु पर्ने रु.

<table>
<tr><th>भौ.नं./मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>वापत</th><th>भुक्तानी रकम</th><th>कार्यसम्पन्न रकम</th><th>बढि भुक्तानी</th></tr>
<tr><td>३६६।२०७७।६।३०</td><td>जे वि जि कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा लि</td><td>वडा नं ४ को स्वास्थ्य चौकी घेरावार निमार्ण</td><td>४७७४४५</td><td>४३६२५७</td><td>४११८७</td></tr>
<tr><td>३६५।२०७७।५।११</td><td>शुशिल चन्द्र कन्स्ट्रक्शन अडर एण्ड सप्लार्यस</td><td>घेरावार निमार्ण</td><td>५३४३१५</td><td>४१९७२९</td><td>११४५८६</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१५५,७७३</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६५</td>
<td>३२०</td>
<td>२०७८-१-६</td>
<td>मोवाईल फोन जिन्सी दाखिला नभएकोः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।पालिकाको १० नं वडा कार्यालयको मसलन्द खर्च बापत सिमोन मोवाईल पसल एण्ड रिपेरिङ्ग सेन्टर डोल्पाबाट रु२५०००।००मा Oppo 4/128 को मोवाईलखरिद गरेको छ । उक्त मोवाईल जिन्सी</td>
<td>२५,०००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>दाखिला समेत गरेको पाईएन । यसरी सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त नहुने गरी र मितव्ययीता कायम नगरी व्याक्तिगत प्रयोजनका आधारमा उक्त मोवाईल खरिद गर्ने सम्बन्धितलाई जिम्मेवार वनाईनुपर्ने रु.</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>विल भरपाईः

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको भुक्तानीमा संलग्न फाटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी आन्तरिक कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>५०५|२०७८|३|३०</td><td>कार्यालय सामान तथा मसलन्द खर्च वापत रुपचन्द्र बुढालाई भुक्तानी भएकोमा फोटोकपी विल पेश भएको मा सक्कल प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>१८०६८७</td></tr>
<tr><td>४९८|२०७८|३|३०</td><td>वडा कार्यालय संचालन खर्च वापत विश्वरुप बुढालाई भुक्तानी बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>४०००००</td></tr>
<tr><td>४५०|२०७८|३|१६</td><td>पदाधिकारी बैठक खर्च वापत रमेश बहादुर रावतलाई भुक्तानी रु.१०३९००|०० मा रु.६००००|०० को मात्र बिल भरपाई वेगर पेश भएकोमा बाकी प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>४३९००</td></tr>
<tr><td>४०३|२०७८|२|२७</td><td>विभिन्न समयमा कट्टी भएको कर बैक दाखिला भएको दाखिला भौचर बेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>२४५०७५</td></tr>
</table></td><td>१,७८९,३५५</td></tr>
</table>

३८५।२०७८।२।२४	विभिन्न समयमा कट्टी भएको कर बैक दाखिला भएको दाखिला भौचर बेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.	११७७९३
१२१।२०७७।९।६	विभिन्न समयमा कट्टी भएको कर बैक दाखिला भएको दाखिला भौचर बेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.	१७७६३७
१४१।२०७७।९।१०	लिकु क्याम्पसलाई परीक्षा केन्द्र संचालन खर्चको बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.	५०००००
३००।२०७८।१।२२	निरुता बुढा मगरलाई अध्ययन अनुसन्धान वापत भुक्तानी भएकोमा लेखापरिक्षण अवधि सम्म कार्य सम्पन्न प्रतिवेदन पेश नभएकाले प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.	१०००००
२०७८।३।२५	हातले चेक काटी भुक्तानी दिएकोमा कर कट्टी गरिएको रकम बैक दाखिला भौचर पेश नभएकाले प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.	२४२६३
जम्मा		**१७,८९,३५५**

६७			**कर छूटः** आयकर ऐन, 2058 को दफा ८८ बमोजिम सेवा कार्यमा भुक्तानी तथा मुल्य अभिवृद्धि कर जारी नभएमा कुल भुक्तानी रकमको १५% दरले कर लाग्ने व्यवस्था छ । पालिकाले देहायको विभिन्न खर्चको भुक्तानीमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.		४२,४५०

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>गो भौ नं मिति</td><td>विवरण</td><td>भुक्तानी रकम</td><td>१५% कर</td><td>कैफियत</td></tr>
<tr><td>५३८।२०७८।१।३१</td><td>सामुदायिक रेडियो डोल्पा एफ एम सुचना प्रसारण खर्चको रकम भुक्तानी</td><td>१०००००</td><td>१५०००</td><td>सुचना प्रकाशन</td></tr>
<tr><td>५३४।२०७८।३।३१</td><td>नगरसभामा भत्ता वितरण वापत रुपचन्द्र बुढाको रकम भुक्तानी</td><td>४०००००</td><td>२७४५०</td><td>बैठक भत्ता वितरण</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५००,०००</td><td>४२,४५०</td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६८</td>
<td></td>
<td></td>
<td>
कानुनी सल्लाहकार

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिकाको कानुनी सल्लाहकारका रुपमा तलब भत्ता भुक्तानी हुने गरी श्री घनश्याम उपाध्ययलाई नियुक्त गरी मासिक रु.२५,०००।०० का दरले रु.३००,०००।०० भुक्तानी भएको छ । नियमावलीमा भएको व्यवस्था विपरीत भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु

<table>
<tr><td>क्रम</td><td>कर्मचारीको नाम</td><td>असुली रकम</td></tr>
<tr><td>६८.१</td><td></td><td>०</td></tr>
</table>
</td>
<td>३००,०००</td>
</tr>
<tr>
<td>६९</td>
<td></td>
<td></td>
<td>
करार कर्मचारीलाई भत्ताः

सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा
</td>
<td>४४४,२४०</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शिर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करार कर्मचारी भर्ना गरि भत्ता भुक्तानी भएको देखिन्छ । यसरी नियम विपरित भत्ता भुक्तानी दिएको रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि न</th><th>नाम</th><th>भत्ता शिर्षक</th><th>रकम (मासिक)</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>हेमन्त बोहोरा</td><td>स्थानिय भत्ता र महगी भत्ता</td><td>१६७६०</td><td>२०११२०</td></tr>
<tr><td>२</td><td>कर्ण कार्की</td><td>स्थानिय भत्ता महगी भत्ता र फिल्ड भत्ता (१४७६०+२०००+३५००)</td><td>२०२६०</td><td>२४३१२०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४४४,२४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>भुक्तानीमा कर –

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.७,२६०।०० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>५४२।२०७७।११।९</td><td>जुना रोकायालाई विभिन्न खर्च भुक्तानीमा अग्रिम कर छुटको</td><td>४८३९७०</td><td>१.५%</td><td>७२६०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७,२६०</td></tr>
</table>
</td><td>७,२६०</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>पदाधिकारी सुविधा

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको</td><td></td></tr>
</table>

रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ ।जसअनुसार कर्णाली प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा बाहेक अन्य सेवा सुविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीहरुको अन्य सुविधामा निम्नानुसार रु.**१०३०८८७**|०० खर्च लेखेको देखिन्छ ।

गो भौ नं मिति	विवरण	रकम	कैफियत
५४२|२०७७|११|९	उप प्रमुखको भाषाको खर्च जुना रोकायालाई भुक्तानी	४०६०९०	
५३३|२०७८|३|३१	पालिकाका पदाधिकारीहरुको योजना अनुगमन खर्च भुक्तानी	३८५७९७	
४४९|२०७८|३|१६	न्यायिक समितिका पदाधिकारीहरुको पोषाक खरिद खर्च भुक्तानी तथा वितरण	१०००००	
४४४|२०७८|३|१४	पालिकाका पदाधिकारीहरुको योजना अनुगमन खर्च भुक्तानी	१३९०००	
जम्मा		**१०,३०,८८७**	

७२ **बीमाः**

सार्वजनिक खरिद नियमावली¸२०६४ को नियम ११२ को उपनियम १-घ_ मा रु १० लाख भन्दा बढी मुल्यको काम गर्ने निर्माण व्यवसायी लाई निर्माणस्थल सुम्पिएको मिति देखी हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको तथा त्रुटीसच्याउने अवधी **(DLP)** सम्म समेटिएको बीमा गराउनु पर्ने उल्लेखछ।पालिकाबाट सञ्चालित कुनै पनि योजनाको विमा गराएको देखिएन । यसरी विमा नगरी योजना सञ्चालन गर्दा आकस्मिक रुपमा आइपर्ने जोखिम बाट हुने क्षति वहन गर्न कठिन पर्दछ र उक्त क्षतिपूर्ति आफैले वहन गर्नुपर्ने हुन्छ । यसैले पालिकाले प्रत्येक रु १०लाखभन्दाबढीमुल्यको योजनाको अनिवार्य विमा गराउनु पर्दछ ।

७३			**बेरितको कर विजकः**	३७३,४६४.४४

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए नभएको तथा सो कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने भन्ने छ ।त्यस्तै मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १४ बमोजिम मुल्य अभिबृद्धि करमा दर्ता भएका फर्म संग तोकिएको ढाँचाको कर विजक लिइ खरिद गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले तपशिलका गोश्वारा भौचर र मिति बाट विभिन्न सप्लायर्श तथा निर्माण व्यवसायी हरु लाइ रकम भुक्तानी गरेको मा सम्बन्धीत जारि गरेको विजक रित पुर्वकको नभएको ले भुक्तानी लिएको मुल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

गो.भौ.न मिति	भुक्तानी पाउनेको नाम	PAN नः	कर विजको अवस्था	भुक्तानी रकम	मु.अ.कर रकम
१६०।०७८।३।१३	से फोक्सुण्डो कन्ट्रक्सन प्रा.लि. त्रिपुरासुन्दरी १०	६०६५५२३५६	विजक नः उल्लेख नभएको	२४४८२८०।२६	२८१६६०।५६
१७४।०७८।३।१६	से फोक्सुण्डो कन्ट्रक्सन प्रा.लि. त्रिपुरासुन्दरी १०	६०६५५२३५६	विजक नः उल्लेख नभएको	७९७९८७।६	९१८०३।८८

<table>
<tr>
<td>७४</td>
<td></td>
<td></td>
<td>
कर दाखिला नभएकोः
आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ भने दफा ९० मा उक्त कर रकम दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट सञ्चालित कार्यक्रम वापत कट्टी भएका उक्त कर रकम सम्बन्धीतले दाखिला नगरेकोले उक्त कर रकम दाखिला प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ.न. मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पार्टी</th><th>रकम</th><th>कर योग्य रकम</th><th>कर रकम</th><th></th></tr>
<tr><td>१४७।०७८।३।८</td><td>नगरपालिका प्रशासकिय भवन निर्माण</td><td>भवन निर्माण उपभोक्ता समिति</td><td>१७०००००</td><td>१०४९०४६।५४ (मुल्य अभिबृद्धि कर समेत)</td><td>१३९२५</td><td></td></tr>
<tr><td>११६।०७८।१।२३</td><td>लादे देखि पातिहाल्ना खानेपानी निर्माण</td><td>खाने पानी निर्माण उपभोक्ता समुह</td><td>३७००००</td><td>१४८१४७ (मुल्य अभिबृद्धि कर बाहेक)</td><td>२२२२</td><td></td></tr>
<tr><td>१६।०७७।५।११</td><td>बैठक भत्ता विवरण</td><td>सलेपा रुपचन्द्र बुढा</td><td>४५०००</td><td>४५०००</td><td>६७५०</td><td></td></tr>
<tr><td>८२।०७७।११।९</td><td>मोटरसाइकल खरिद</td><td>पानस मोटर प्रा.लि. नेपालगंज</td><td>३५०००० with VAT</td><td>३०९७३५</td><td>४६४६</td><td></td></tr>
</table>
</td>
<td>५७,५४३</td>
</tr>
</table>

१५९।०७८।३।१३	निला पहिरा पहिरो हटाउने	विमाकर पहाडी त्रि.सु. १० (मोहिनि प्रयोग)	३०००००	३०००००	३००००	
जम्मा					५७३४३	

७५

नगरपालिका प्रशासकिय भवन निर्माण सम्बन्धमाः

नगरपालिकाको प्रशासकिय भवन निर्माण सम्बन्धमा सार्वाजानिक खरिद नियमावली २०६४ को नियम ९७(१)अनुसार १ करोड रुपयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा त्यस्तो सेवा उपभोक गर्ने समुदाय मात्र भएको उपभोक्ता समिति वा लाभग्राही समुदाय बाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख छ ।त्यस्तै ९७(१)क मा उपनियम (१) बमोजिमको रकममा मुल्य अभिबृद्धि कर ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ । उक्त प्रशासकिय भवन निर्माणका लागी रु ….. को लागत अनुमान तयार गरी पालिकाकै बजेटबाट बनाउने उदेश्यले मिति …मा उपभोक्ता समिति संग सम्झौता भएको देखिन्छ । नियमानुसार रु १ करोड रुपयाँ भन्दा बढीको काम उपभोक्ता समितिबाट गराउन नमिल्ने देखिएकोमा पालिकाले भवन निर्माणका लागि छुट्टयायको रकम उक्त सिमा भन्दा कम भएकोले भवन निर्माणका लागी जग्गा दान गर्ने समुहकै संलग्नता भएको उपभोक्ता समितिलाई उक्त काम दिएको पालिकाको भनाई छ ।सम्झौता अनुसार उक्त काम मिति ….मा सम्पन्न गर्नुपर्ने मा हाल सम्म समाप्त भएको देखियको देखियन ।यस आ.ब. मा रु.७२०६२८४।६१ को कार्य सम्पन्न भएको प्रतिवेदन तयार भएको ले उपभोक्ताको श्रमदान,कन्टेन्जेन्सी कटाई रु. ५५५०००० भुक्तानी भएको छ ।सो कार्यको कर कट्टी गर्न बाँकी रकम तथा विल भर्पाई नपुग रकमको व्यहोरा छुट्टै प्रतिवेदनमा उल्लेख छ ।पछि संघ मार्फत बजेट विनियोजन भएपश्चात प्रथम तल्लाको काम उपभोक्ता बाट सम्पन्न गर्ने र बाँकी कामको हकमा बोलपत्र मार्फत गर्ने भनी ठेक्का प्रकृयामा गएको देखिन्छ ।

प्रशासकीय भवन को बाँकी कामका लागी रु….. को लागत अनुमान तयार गरि ठेक्का प्रकृयामा गएकोमा बोलपत्रका माध्यामबाट छनौट भएको निर्माण ब्यबसायि कुशेश्वर जिनिस जे. भि. ,डोल्पा संग मिति २०७७।११।१२ गतेमा सम्झौताको मितिले ६ महिना भित्र कार्य सम्पन्न गर्नेगरी सम्बन्धीतले कबोल गरेको रकम रु.१३३०८९४१।८९ मा सम्झौता भएको

			देखिन्छ । उक्त खरिद प्रकृयाका सम्बन्धमा देखियका व्यहोरा हरु निम्मानुसार छन	
७५. १			सो कार्यको वोलपत्र सम्बन्धी कागजात पेश नभएबाट सो को लागत अनुमान मुल्यांकन प्रकृया बिड बन्ड कार्यसम्पादन जमानत लगायतका विषयमा केहि उल्लेख गर्न सक्ने अवस्था रहेन ।	
७५. २			रनिङ विल वापत बढि भुक्तानी सो ठेक्काको प्रथम रनिङ विल भुक्तानीका लागि पेश भएको ठेक्का विल र नापि अनुसार अध्यावधिक भएको काम रु.२२९९३७१।४० (मु.अ.कर बाहेक)भएकोले मु.अ.कर समते रु.२५९८२८९ भुक्तानी दिनुपर्ने देखिन्छ । तर सो वापत पालिका पुजिगत तर्फको गो.भौ.नः १८१।०७८।३।०४ बाट रु.९१९५९४ र संघ तर्फबाट गो.भौ.नः १।०७८।३।२५ बाट रु.२५९८२८९ भुक्तानी दिएकोले प्रथम रनिङ विल वापत रु.३५१७८८३ भुक्तानी भएको छ । सो कार्यका निर्माण व्यबसायीले गाउपालिका पुजिगत तर्फको शिर्षक बाट रकम भुक्तानी लिँदा छुट्टै विजक (विजक नः २।०७८।९।२३ रकम रु २२९८९८५ मु.अ.कर समेत)र संघ तर्फको शिर्षक बाट रकम भुक्तानी लिदा छुट्टै विजक (विजक नः१।२०७८।३।२३ रकम रु २५९८२८९।६८ मु.अ.कर समेत) काटेकोले कर विजकको लगत प्रयोग गरि बढी भुक्तानी लिने उदेश्य देखिन्छ । पालिकाका खर्च गर्ने र भुक्तानी गर्ने अक्तियारी पाएका पदाधिकारीले समेत सो मा ध्यान दिएको पाइएन ।तसर्थ भुक्तानी गर्ने र भुक्तानी दिने दुबै पक्ष लाइ जिम्मेवार बनाइ बढी भुक्तानी भएको रु ९१९५९४ को सम्बन्धमा भुक्तानी भएको मिति देखि नियमानुसार लाग्ने व्याज समेत लगाइ अशुल गर्नुपर्ने रु	९१९,५९४
७५. ३			**ननफाइलरः** मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १८ मा भुक्तानी मा प्राप्त मुल्य अभिबृद्धि करको विवरण भुक्तानी पायको अर्को महिनाको २५ गते भित्र सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यबस्था छ । पालिका भवन निर्माण व्यवसायी कुशेश्वर जिनिस जे.भि. डोल्पाले लेखापरीक्षणको अवधी सम्म पनी कर बिवरण नवुझाइ नन्फाइलर (Non Filer since 2078.M 2) रहेको ले भुक्तानी लियको मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु	२९८,९१८

७६			**नगर सभा भवन निर्माणः** नगरपालिकाको नगरसभा भवन निर्माण (ठेक्का न १।०७७।०७८) को लागी तामाकोशि जलमुखि जेभि हेटौडा संग मिति २०७७।११।५ मा रु .....रकमको सम्झौता भएको देखिन्छ सम्झौता अनुसार उक्त निर्माण कार्य मिति .....सम्म सम्पन्न गर्नुपर्नेमा हालसम्म अधुरै रहेको छ । भवनको डि.पि.सि. लेवल तयार गरि पिलर उठाएको अवस्थामा बाँकी काम अधुरै राखि सम्बन्धीत निर्माण व्यवसायी सम्पर्कमा नआएको देखिन्छ । पालिकाको च.नः १९५८ मिति २०७९।३।१७ को पत्रानुसार निर्माण व्यवसायी लाइ जानकारीका लागी लेखेको पत्रमा सो कार्यका लागी निर्माण व्यवसायीले पेश्की लिँदा राखेको पेश्की जमानतको म्याद समाप्त भएको अवस्थामा के कति कारणले कार्य अगाडी नवढेको हो कारण सहित ७ (सात) दिन भित्र सम्पर्क गर्ने अन्यथा सार्वजानीक खरिद ऐन को दफा ६३ अनुसार हुने उल्लेख छ ।उक्त निर्माण कार्यको सम्बन्धमा तपशिल बमोजिम गर्नुपर्ने देखिएको छ ।	
७६.१			**क)** कालो सुचिमा राख्नेः सार्वजानीक खरिद ऐन २०६३ को दफा ६३ अनुसार सार्वजानीक खरिद अनुगमन कार्यालयले निर्माण व्यवसायीले गरेको कामको गाम्भिर्यताको आधारमा १ बर्ष देखि ३ वर्ष सम्म कालोसुचिमा राख्न सक्ने उल्लेख छ ।त्यस्तै सार्वजानीक खरिद नियमावलि २०६४ को नियम १४१ मा कालोसुचिमा राख्नु परेकम कार्यालयले सो सम्बन्धी विस्तृत विवरण र कारण खुलाइ सम्बद्ध कागजात सहित सार्वजानीक खरिद अनुगमन कार्यालयलाइ लेखि पठाउनुपर्ने उल्लेख छ । नगरसभा भवन निर्माणका निर्माण व्यबसायिले सार्वजानीक खरिद ऐन २०६३ को दफा ६२ मा उल्लेख भए बमोजिमको दायित्व पुरा नगरेकोले सम्बन्धीत लाइ कालो सुचिमा राख्नकालागी सम्बन्धित कार्यालयमा लेखि पठाउ पर्ने देखिएको छ ।	

			 निर्माणाधिन भवनको फोटो	
७६. २			पेश्की अशुल गर्नेः उक्त निर्माण व्यवसायीले नगरपालिका पुजिगत तर्फको गो.भौ.न १०३।०७८।१।१६ बाट रु.२०००००० र संघिय बजेट तर्फको गो.भौ.न १६।०७८।१।१६ बाट रु. २८८०००० समेत जम्मा रु ४८८०००० पेश्की लिएको देखिन्छ ।निर्माण कार्यको लागी पेश्की लिएकोमा निर्माण सम्बन्धी काम अधुरो छोडेको र भएको कामको विल भर्पाई कागजात पेश गरि पेश्की फस्र्योट गर्नुपर्नेमा निर्माण कार्य छोडि सम्पर्क बिहिन भएको तथा पेश्की जमानतको म्याद समाप्त	४,८८०,०००

भएको हुदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ५१ बमोजिम म्याद नाघेको मितिले बार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाइ उक्त पेश्की अशुल गर्नुपर्ने रु

७७

ठेक्का सम्बन्धी विवरणः

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ ।पालिकामा बोलपत्रको माध्मबाट सञ्चालित ठेक्काको विवरण निम्नअअनुसार रहेको छ ।

क्र(स)	**ठेक्का न) (आ.व.सहित)**	**निमांण व्यवसायी को नाम**	**कामको विवरण**	**ठेक्का अंक भ्याटसमेत**	**भुक्तानी भ्याटसमेत**	**शुरु गर्नु पर्ने मिति**	**सम्पन्न गर्नुपर्ने मिति**	**सम्पन्न अवस्था**
१	TM/NCB/03/076-78	**रेलिगर बुद्ध हिमाली जे भी**	**नगर अस्पताल**	**३५७६६२२९.७४**	…	**२०७८।२।२४**	**२०८०।८।२४**	**शुरु नभएको**
२	TM/NCB/02/076-78	**कुशेश्वर जिनिव जे भि**	**नगर प्रशासकीय भवन**	**१३३०८९४१.८**	**३२१८५७९**	**२०७७।१२।१२**	**२०७८।५।१२**	**निर्माण भइरहेको**
३	TM/NCB/01/076-78	**तामाकोशी । जनमुखी जे भि**	**नगर सभा भवन**	**२५०३४४९३.१७**	**०**	**२०७७।११।५**	**२०७८।१।५**	**निर्माण भइरहेको**
४	TM/MCB/01/076-78	**सम्झना**	**त्रिपुराकोट**	**३६४७६४७.६**	**९३२४९९**	**२०७७।४।२८**	**२०७७।९।२**	**सम्पन्न**

					कन्स्ट्रकसन	**गल्लि हुदै करेलीकाडाँ सडक**				८		

७८			**अन्य कार्यालयको खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यबस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरका कार्यालयको लागी बजेट विनियोजन गरि गरिएको निम्नानुसारको खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । यस्तो प्रकृतिको खर्च ले थप व्यबहार बढ्ने भएबाट यस्ता खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	

क्रम संख्या	कार्यालय वा संस्थाको नाम	कामको प्रकृति	भुक्तानी रकम	कैफियत
१	ई.प्र.का करपगाढ	TV लगायतका सामाग्री खरिद	४००००	दाखिला प्रतिवेदन पेश नभएको

७९			**लागत सहभागिताः** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ ।	

<table>
<tr><td></td><td></td><td></td><td>तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>विल भर्पाई पेश नभएको तथा घटी विल भर्पाई पेशः

आर्थीक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ठि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लख छ । त्यस्तै सोही नियमको उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए नभएको तथा सो कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने भन्ने छ । पालिकाले तपशिल बमोजिमका गोश्वारा भौचर र मितिबाट विभिन्न कामको रकम भुक्तानी गरेकोमा विल भर्पाई पेश नभएको तथा विल भर्पाई भन्दा बढी भुक्तानि दिएको पाईएकोले नियमको पालना गरेको पाईएन ।तसर्थ विल भर्पाई पेश नभएकोमा आवश्यक विल भर्पाई पेश गर्नु तथा विल भर्पाई भन्दा बढी भुक्तानी भएकोमा उचित कारण सहित छुट विल भर्पाई प्रमाण पेश गर्ने अन्यथा भएको भुक्तानी रकम अशुल गर्नुपर्ने
<table>
<tr><th>गो.भौ.न मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पार्टि</th><th>भुक्तानी रकम</th><th>विल भर्पाई पेश रकम</th><th>नपुग विल भर्पाई</th></tr>
<tr><td>१४७|०७८|३|८</td><td>नगरपालिकाको प्रशासकिय भवन निर्माण</td><td>भवन निर्माण उ.स.</td><td>१७०००००</td><td>१०४९०४६|५४</td><td>६५०९५३|४६</td></tr>
<tr><td>१४८|०७८|३|८</td><td>शिव मन्दिर निर्माण तामेगाड</td><td>मन्दिर निर्माण उ.स.</td><td>८०६६०७</td><td></td><td>८०६६०७</td></tr>
<tr><td>८२|०७७|११|९</td><td>मोटरसाइकल खरिद</td><td>ई.कर्ण बहादुर</td><td>३५००००</td><td>३२६४००</td><td>२३६००</td></tr>
</table></td><td>१,४८१,१६०.४६</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>कार्की (पे.फ.)</td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>
स्वीकृत टिप्पणी आदेश भन्दा बढी भुक्तानीः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए नभएको तथा सो कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने भन्ने छ ।पालिकाको भुक्तानीका लागी उठेको स्वीकृत टिप्पणी आदेश भन्दा तपशिलका कामको बढी भुक्तानी दिएकोले उक्त बढी भुक्तानी भएको रकम अशुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ.न. मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पार्टी</th><th>स्वीकृत रकम</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१८।०७७।८।२६</td><td>पोखरी निर्माण न.पा. १०</td><td>उपभोक्ता समिति</td><td>४८९२००</td><td>५१०५००</td><td>२१३००</td></tr>
<tr><td>२८।०७७।८।२३</td><td>कार्यालयको मञ्च निर्माण वडा १०</td><td>उपभोक्ता समिति</td><td>२७७५००</td><td>२८५०००</td><td>७५००</td></tr>
<tr><td>१४६।०७८।३।७</td><td>हिमालयन चर्च मण्डलि घेराबार</td><td>उपभोक्ता समिति</td><td>६०१२५०</td><td>७१७५००</td><td>११६२५०</td></tr>
</table>
</td><td>२२५,८२५</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>१८६।०७८।३।२७</td><td>मुदु खानेपानी निर्माण</td><td>उपभोक्ता समिति</td><td>७४००००</td><td>७६००००</td><td>२००००</td></tr>
<tr><td>२०१।०७८।३।२८</td><td>रुम सिचाइ कुलो निर्माण</td><td>उपभोक्ता समिति</td><td>९२५०००</td><td>९५००००</td><td>२५०००</td></tr>
<tr><td>२३७।०७८।३।२१</td><td>डुमाडिका पर्खाल निर्माण</td><td>उपभोक्ता समिति</td><td>३६५३७५</td><td>३७५२५०</td><td>९८७५</td></tr>
<tr><td>२५५।०७८।३।३१</td><td>धौलागिरि आ वि घेरावार</td><td>उपभोक्ता समिति</td><td>१२४०००</td><td>१३४९००</td><td>१०९००</td></tr>
<tr><td>२५७।०७८।३।३०</td><td>गल्लि मन्दिर १ कोठे भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>२८५०००</td><td>३०००००</td><td>१५०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२२५८२५</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>८२</td>
<td></td>
<td></td>
<td>नियमको पालना नभएकोः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी</td>
<td>३,७७७,४४३</td>
</tr>
</table>

			रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए नभएको तथा सो कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने भन्ने छ । नगरपालिकाले तपशिल बमोजिमका गोभौन र मिति बाट विभिन्न कार्यको रकम भुक्तानी दिएकोमा फोटोकपि विल पेश भएको तथा सामाग्रि वितरण को भर्पाइ पेश नभएको देखियो । तसर्थ सक्कल विजक पेश गर्नुपर्ने र खरिद सामाग्री वितरण गरेको भर्पाइ पेश गर्नु पर्ने रु	
८३			**प्राविधिक बिल र कार्य सम्पन्नः**	

गो.भौ.न मिति	कामको विवरण	भुक्तानी पाउनेको नाम	PAN नः	भुक्तानी रकम	कैफियत
८३।०७७।११।२५	प्लास्टिक ड्रम खरिद (१९०३वटा)	शर्मा प्लास्टिक अर्डर सम्लायर्श नेपालगंज	३०२५२००४८	१९९८१४२	फोटोकपि विजक
१६७।०७८।३।१४	स्पेयर १६ लि.खरिद ५५४ पिस	लुम्विनी एग्रोटेक एण्ड सप्लायर्श नेपालगंज	६०५८९५८४५	९९५३७१	वितरण भर्पाइ नभएको
२२९।०७८।३।३०	प्लास्टिक ड्रम ढुवानी	गणेश ढुवानी सेवा नेपालगंज	६१११०८४४३	७८३९३०	फोटोकपी विल पेश

<table>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>अनुदानको अनुगमन –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।तर पालिकाले यस वर्ष निम्नानुसारका नाफामूलक तथा व्याक्तिगत फर्मलाई अनुदान दिइ खर्च लेखेको छ ।सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।

<table>
<tr><th>क्र स</th><th>फर्मको नाम</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>विजय भेडापालन उद्योग</td><td>२५००००</td></tr>
<tr><td>२</td><td>बुद्धिकला फलफूल तरकारी पशु तथा</td><td>२५००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>पोल्ट्री फर्म</td><td></td></tr>
<tr><td>३</td><td>लालीगुरास फलफूल तरकारी पशु तथा पोल्ट्री फर्म</td><td>२५००००</td></tr>
<tr><td>४</td><td>ज्योति फलफूल तरकारी पशु तथा पोल्ट्री फर्म</td><td>२५००००</td></tr>
<tr><td>५</td><td>प्रशान्त फलफूल तरकारी तथा पशुपालना पोल्ट्री फर्म</td><td>२५००००</td></tr>
<tr><td>६</td><td>महादेव कृषि मौरीपालन पशुपालन तथा पोल्ट्री फर्म</td><td>२०००००</td></tr>
<tr><td>७</td><td>विशाल फलफूल तरकारी पशुपालन तथा पोल्ट्री फर्म</td><td>२०००००</td></tr>
<tr><td>८</td><td>सदिक्षा पशुपालन तथा कृषि उद्योग</td><td>२०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८५००००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>८५</td>
<td></td>
<td></td>
<td>अधुरो निर्माणः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस पालिकाबाट जलवायु परिवर्तन सञ्चालित कार्यक्रम (LAPA) अन्तर्गत सञ्चालित खालिछहरा जलविद्युत मर्मत आयोजनाका लागि सशर्तको रु २६५००००, पालिकाको रु १०००००० र बाकी उपभोक्ताको अशं रहने गरी रु ४१३७६८९ को लागत अनुमान बनाई कार्य गर्न २१।२०७८।१।२४ मा खालिछहरा</td>
<td></td>
</tr>
</table>

			जलविद्युत मर्मत उपभोक्ता समितिलाई रु १२०४५०० पेश्की दिइ कार्य सुचारु भएको पाइयो । १२१।२०७८।३।३१ बाट रु १२०४५०० को पेश्की मात्र फस्र्यौट गरी बाकी कार्य अधुरो राखेको पाइयो । यसरी सशर्तको विनियोजन भएको रकमबाट सुरुमा योजना सञ्चालन गर्नका लागि तयार हुने र पछि योजना सम्पन्न नगरी अधुरो कार्य गरी बिचमै छोड्ने उपभोक्ता समिति र योजना छनौट गर्नेहरुलाई जिम्मेवार बनाउदै उक्त योजना सम्पन्न गर्नेतर्फ सम्बन्धीत निकायको ध्यानाकर्षण हुनुपर्दछ ।	
८६			**रितपूर्बकको कर बिजक तथा प्रतिलिपि बिलः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले ५९।२०७८।३।२२ बाट रित पूर्कको कर वीजक (फोटोकपी विल) बेगर नेपाल मसिन एण्ड स्टिल स्ट्रकचर (३००६६८४५६) बाट मु.अ.कर रु ३४५८० समेत रु. ३००५८० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	३४,८५०
८७			**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले १३ कृषि तथा पशुसेवा सहकारी संस्था र समूहलाई रु ३५ लाख ५० हजार बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
८८			**एउटै योजनामा दोहोरो भुक्तानीः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पालिकाले सशर्त चालुको ९०।२०७८।१।२७ बाट र पूँजीगतको ३९।२०७८।२।१८	४४२,९३१

			बाट एउटै योजना डाडाँबाटो निर्माण उपभोक्ता समितिलाई करकट्टी सहित रु ४४२९३१ दोहोरो भुक्तानी दिएकोले उक्त रकम फिर्ता गर्नुपर्ने रु	
८९			**प्रधानमन्त्री रोजगार कार्यक्रम:** प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यक्रम सञ्चालन गर्दा परिच्छेद-३ (८) मा श्रममुलक आयोजनाको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा श्रावण महिना भित्र प्रविष्टि गर्ने, परिच्छेद-४ को (११) र (५) मा रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा हुनुपर्ने, परिच्छेद-३ (६) मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने तथा परिच्छेद-३ (४)(घ) मा स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रमा छनोट भएका ६५ वटा कार्यक्रममा कार्यक्रम सञ्चालनमा रु. ३६७९८८६८.८४ खर्च भएको छ । अनुसूची-३(५) मा सुचिकृत बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था छ । सुचिकृत भएका व्यक्तिले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ६५ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका १२१७ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन ।अनुसूची-३(५) मा सुचिकृत बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था छ । सुचिकृत भएका व्यक्तिले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन ।वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका जना श्रमिकले रोजगारी प्राप्त गरेका छन ।यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छनः · सुचिकृत भएका श्रमिकलाई पुरा एक सय दिन बराबरको रोजगार नदिएर सुचिकृत नभएका श्रमिकलाई रोजगार दिइ कार्यक्रम सम्पन्न गरेको देखिन्छ । · कार्यक्रमको उद्‌देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । · यस कार्यक्रमका धेरै जसो डोर हाजिरीमा हाजिरी स्विकृत गर्नेको हस्ताक्षर छैन ।डोर हाजिरी प्रमाणित गरेर मात्र भुक्तानी दिनुपर्दछ ।डोर हाजिरीम उपभोक्ता समिति को छाप पनि छैन ।	

			· योजनाको रकम श्रमिकको बैक खातामा भुक्तानी नगरी एकमुष्ट उपभोक्ता समितिको खातामा भुक्तानी गरेको छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यविधि अनुसार श्रमिकको बैक खातामा रकम भुक्तानी दिनुपर्दछ ।	
९०			**प्रधानमन्त्री रोजगार कार्यक्रम चिसापानी धुपिचौर सम्म घोरेटो बाटो निर्माण:** यस कार्यक्रम अन्तर्गत चिसापानी धुपिचौर सम्म घोरेटो बाटो निर्माण वापत रु ३७९०६९ भुक्तानी दिदाँ उपभोक्ताले कार्य गरेको कामको डोर हाजिरी उपलब्ध नभएकोले उक्त कार्य बराबरको डोर हाजिरी पेश गर्नुपर्ने र उक्त रकम बराबरको सामाजिक सुरक्षा कर समेत रु ३७९० कट्टी गरी दाखिला गर्नुपर्ने रु	३७९,०६९
९१			**औषधी खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । यस स्थानीय तहले यस वर्ष सशर्तबाट रु १६४९६१४ र समानिकरणबाट रु २१२५४८१ गरी रु. ३७ लाख ७५ हजारका औषधि ठेक्का मार्फत खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः · औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, · औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । · तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
९२			**एक घर एक चर्पी निर्माणः**	

			छल गाउँ एक घर एक चर्पी निर्माण वापत उपभोक्ता समितिलाई ९१।२०७८।३।२७ बाट रकम रु १२३८४९० भुक्तानी भएको छ । ।लागत अनुमान वनाउदाँ ९२ वटा घरघुरीलाई १११९२३.८७ का दरले रु १०२९७९९५ खर्च लाग्ने गरी बनाएको छ । तर यस वर्ष जम्मा रु १२३८४९० मात्र खर्च लेखेकोमा उपभोक्ताले पेश गरेको कार्यसम्पन्न र विलबाट उक्त कार्य भएको भनि यकिन गर्न नसकिएकोले उक्त कार्य सम्पन्न भएको भनी आश्वत हुन सकिएन ।पालिकाले आवश्यक फोटो र प्रगति प्रतिवेदन पेश गर्नेका साथै उक्त कार्य वास्तवमै भए/नभएको यकिन गर्नुपर्दछ ।	
९३			**विवरण पठाउनु पर्ने :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ ।	
९४			**प्रतिवेदन पेश गर्नुपर्ने :** सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २९(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ । पालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।	
९५			**लाभग्राहीको नाम नविकरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन ।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।	

९६			**सामाजिक सुरक्षा कार्यक्रमः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा रु. २९४५०००० रकम बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ ।	
९७			अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ८४ मा बेरुजू फर्छ्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फर्छ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) १२२७०२ | **०** | **१२२७०२**	